# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

# २०७९

# सरावल गाउँपालिका

## सरावल गाउँपालिकाको कार्यालय

## लुम्बिनी प्रदेश

**विषय सुचि**

१. पृष्ठ भुमि........................................................................................१
२. २.सरावल गाँउपालिकाको संक्षिप्त परिचय ........................................................४
३. नाम र परिभाषा ....................................................................................५
४. विद्यामान स्थिति ....................................................................................७
५. सरावल गाँउपालिकाको लैससास सम्बन्धि बर्तमान अवस्था ..................................८
६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता ........................१३
७. नीति निर्माणको सिद्धान्तहरु ........................................................................१४
८. नीति निर्माण प्रकृया ..................................................................................१४
९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको दिगो सोच ..........................१५
१०. लक्ष्य ..................................................................................................१५.
११. उद्देश्य ................................................................................................१५
१२. रणनीतिक उद्देश्य ....................................................................................१५
१३. नीतिहरु................................................................................................१६
१४. रणनीतिहरु ...........................................................................................१६
१५. कार्यनीतिहरु..........................................................................................१७
१६. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ..................................................२५
१७. आर्थिक पक्ष ..........................................................................................२५
१८. कानुनी व्यबस्था .....................................................................................२५
१९. नीति कार्यान्वयन तथा अनुगमन ....................................................................२६
२०. गाँउपालिका स्तरिय समिति /वडा स्तरिय समितिको काम कर्तब्य र अधिकार ..................२७
२१. जोखिम तथा जोखिम न्यूनिकरणका लागी गाँउपालिकाले ध्यान दिनुपर्ने कुराहरु....................२८
२२. नीतिका अपेक्षित उपलब्धिहरु ......................................................................२९
२३. नीतिको पुनरावलोकन तथा सुधारहरु ..............................................................२९
२४. खारेजी तथा बचाउ..................................................................................२९
२५. अनुसूचीहरु............................................................................................३०

## १. पृष्ठभूमि

संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था रहेको छ । यसका साथै समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेद, लैङ्गिक हिंसा, वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र समाजिक न्याय सुनिश्चित गर्ने संकल्प नेपालको संविधान २०७२ ले गरेको छ । राज्यले नागरिकहरुका बीच उत्पत्ती, धर्म, वर्ण, जात, जाती, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने समेत व्यवस्था गरेको छ । समान कामका लागि समान ज्याला, पैतृक सम्पत्तीमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक, वंशिय आधारमा लैङ्गिक पहिचान सहितको नागरिकताको अधिकार हुने व्यवस्था गरेको छ । संविधानले महिला, बालबालिका, दलित, जेष्ठनागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी महिला, बालबालिका लगाएत सिमान्तकृत समुदायको समान तथा सम्मानजनक रुपमा बाँच्न पाउने हक सुनिश्चित गर्न कुनै पनि बाहानामा हुने विभेद तथा हिंसालाई दण्डनीय बनाएको छ । महिलाको हक अन्तरगत समान वंशीय अधिकार, सुरक्षित मातृत्वको अधिकार, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका अधारमा सहभागिता हुन पाउने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, स्वास्थ्य, सुरक्षा, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसैगरी समानताको हक अन्तरगत सामाजिक र साँस्कृतिकरुपले पिछडिएका जाती वर्ग लिङ्ग समुदाय तथा पिछडिएको क्षेत्र समेतको संरक्षण सशक्तीकरण वा विकासको लागि विशेष प्रावधानहरु सहित थप व्याख्या गरेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, राज्यका तीनै तहका संरचनाहरुमा विकासका लागि तयहुने कार्यक्रम, रणनीति, प्रशासनिक र वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एक प्रक्रिया हो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीतिले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई समाजमा रहेको लिङ्ग, जाती तथा वर्गहरु बिचको असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ । संघिय राज्य प्रणाली अनुसार सरकारका नीति तथा कार्यक्रमहरु नेपालले विभिन्न समयमा गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु पूरा गर्नु तीनै तहका सरकारको दायित्व हो । यसका लागि तीनै तहका सरकारले समाजका विभिन्न वर्ग, लिङ्ग, क्षेत्रबीच रहेको सबै किसिमको असमानता, विभेदकारी सोच र संरचनाहरुलाई रुपान्तरण गर्दै समतामूलक रुपमा लैङ्गिक समानता र सामावेशीकरण मैत्री संरचना निर्माण गर्न आवश्यक हुन्छ । साथै विगतमा भएका सार्थक प्रयास तथा असल अभ्यासहरुलाई समेत आत्मसात् गर्दै वञ्चितीकरणका विषयहरुलाई समावेशीकरणको अवधारणा बमोजिम सम्बोधन गर्न अपरिहार्य रहेको छ ।

यसर्थ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा स्थानीय सरकार संचालनको पहिलो कार्यकालको अनुभवहरुलाई आत्मसात गरी यस सँग सम्बन्धीत चुनौती तथा अवसरहरुको आधारमा लैङ्गिक शासन पद्धतिलाई संस्थागत गर्न एवं स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको प्रवर्द्धन गरी वञ्चितिकरणमा परेका समुदायको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सुनिश्चितताका लागि नवलपरासी (व. सु. प.) जिल्लाको सरावल गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९ तयार गरेको हो ।

## २.सरावल गाउँपालिकाको संक्षिप्त परिचय :




संघिय संरचना अनुसार नवलपरासी जिल्ला लुम्विनी प्रदेशमा पर्दछ । बर्दघाट सुस्ता पश्चिममा रहेको नवलपरासी जिल्लाको ७ वटा स्थानीय निकायमध्ये सरावल गाउँपालिका एक हो । साविकका तिलकपुर, मनरी, सरावल, बडहरादुबौलिया, रामपुरखडौना र भुजहवा गाविसहरु मिलाएर यो पालिका बनेको छ । यो पालिकाको भौगोलिक अवस्था हेर्दा चुरे पहाड देखि भारतको सिमानासम्म जोडिएको छ । यसको पूर्वमा प्रतापपुर गाउपालिका र बर्दघाट नगरपालिका, पश्चिममा पाल्हिनन्दन गाउँपालिका र रामग्राम नगरपालिका, उत्तरमा बर्दघाट नगरपालिका र दक्षिणमा भारतसंग सिमाना जोडिएको छ । राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदन २०७८ अनुसार यस पालिकाको जनसंख्या पुरुष २०६९१ र महिला २१५२६ गरी कूल ४२२१७ रहेको छ भने जम्मा ७५७६ घरधुरी रहेको छ भने परिवार संख्या ८८४० रहेकोछ । ७३.९९ वर्ग कि.मि.मा फैलिएर रहेको यो गाउँपालिकामा उर्वर भुमि पनि प्रशस्त रहेको छ । यसै पालिकामा पूर्वपश्चिम राजमार्ग पनि रहेकाले कृषि उत्पादन तथा बजारिकरणको उत्तीकै सम्भावना रहेको छ । सरावल गाउँपालिकामा साविकका ६ गा.वि.स.समेटेर ७ वटा वडा बनेकाछन् । यसको चुरे पहाड देखि भारतको सिमानासम्म जोडिएको छ । यसको पूर्वमा प्रतापपुर गाउपालिका र बर्दघाट नगरपालिका, पश्चिममा पाल्हिनन्दन गाउँपालिका र रामग्राम नगरपालिका, उत्तरमा बर्दघाट र सुनुवल नगरपालिका र दक्षिणमा भारतसंग सिमाना जोडिएको छ । अक्षाशः २७.५० डिग्री र देशान्तरः ८३.७३ डिग्रीमा फैलिएको यसको क्षेत्रफल ७३.९९ वर्ग किलोमीटर रहेको छ । भैगोलिक हिसावले समथर भुभाग रहेको यो क्षेत्रको माटो उर्वरशिल भएकोले खेतीपातीका लागि अत्यन्तै उपयोगी छ । तर सिञ्चाईको सुविधा नभएको कारण यसको सहि सदुपयोग हुन सकिरहेको छैन । सिञ्चाईको उपयुक्त प्रवन्ध तथा भएका पानीका स्रोतहरुको सहि सदुपयोग भएको खण्डमा यहाँको कृषि प्रणालीमा सुधार गरी आयआर्जनमा वृद्धि गर्न सकिने सम्भावना प्रवल देखिन्छ । गाउँपालिका भित्रका केही अति जोखिमममा रहेका समुदायलाई नियालेर हेर्ने हो भने साँच्चिकै दयनिय स्थिति रहेको पाईन्छ । वर्षेनी आउने जलजन्य प्रकोप बाढीको कारणले रुमल्ली रहेका केही समुदायहरु नदीसंगै हातेमालो गरिरहेकाछन् ।
यस क्षेत्रमा रहेका प्रमुख नदीहरुमा झरही, पिडुरा, हुलासी, महुवा, दंगिया, खजुरा, गण्डक नहर र स्थानीय स्तरमा विभिन्न खोलाहरु रहेकाछन् । यी विभिन्न नदी तथा तालहरुका हरेक वर्ष वर्षभर खान राखिएका संचित अन्न, तरकारी वालीनाली तथा पशुचौपायहरुको वार्षीक रुपमा भईरहेको क्षतिको कारण मानिसहरुको जीवन जटिल अवस्थाबाट गुज्रीरहेकोछ

**सामाजिक अवस्था**

सरावलमा थारु, मधेशी, मुस्लिम, ब्राम्हण, क्षेत्री, दलित तथा अन्य जनजातीहरुको बाहुल्यता रहेको छ। धार्मिक हिसावले थारु, भोजपुरी र नेपाली भाषा बोलिन्छ भने हिन्दु, मुस्लिम, बौद्ध तथा क्रिश्चियन धर्मावलम्वी रहेकाछन् भने आ-आफ्नो भेषभुषा, रहनसहन र जीवन शैली रहेको छ। मुख्य गरी यस क्षेत्रका बासिन्दाहरुले दशैं, तिहार, तीज, माघी, छठ, रमदान, वकरईद, होली, शिवरात्री, पिडवारी भव्यताका साथ मनाउँछन।

**शैक्षिक अवस्था**

साक्षरताको हिसाबले सरावल गाउँपालिका पूर्ण साक्षरता घोषणा भएको छ तथापि जानकारी अनुसार ८३.४ प्रतिसत साक्षरता रहेकोछ । यस क्षेत्रमा सामुदायिक विद्यालयहरु मध्ये ६ वटा मा.वि., १० वटा प्रा.वि./नि.मा.वि., धार्मिक विद्यालयहरुमा प्राविस्तरको ७ वटा मदरसा तथा नीजि/संस्थागत अन्तर्गत ४ वटा मावि र ८ वटा प्रावि रहेकाछन्।

**आर्थिक अवस्था**

पालिकामा अधिकांश घरपरिवारको आम्दानीको मुख्य श्रोत कृषि, पशुपालन, व्यापार व्यवसाय र वैदेशीक रोजगारी रहेको छ। यहाँ अधिकांश कृषकहरु धान, गहुँ, तोरी र मुसुरो लगायतको खेती गर्ने गर्दछन्। यसका साथसाथै पशुपालन व्यवसायलाई पनि मुख्य रुपमा लिएको पाइन्छ। कयौ युवाहरु वैदेशिक रोजगारमा पनि संलग्न रहेका छन्। त्यस्तै ईंटा उद्योग स्टील साना उधोगहरु पनि आम्दानीको रुपमा रहेको छ।

**प्राकृतिक स्रोतको अवस्था**

यस पालिकाको वडा नं. १ मा ४ वटा सामुदायिक बनहरु दर्ता भई वन संरक्षण, संवर्धन तथा सदुपयोगको अवस्थामा रहेका छन्। व्यवस्थापनको प्रतिक्षामा रहेका नदीहरु झरही, धनेवा, पिडुरा, हुलासी, महुवा, दंगिया, खजुरा छन् । ५९ वटा सार्वजनिक तथा १८० वटा नीजि पोखरीहरु रहेकाछन् । ८५०० बिगाह जमीन खेतीयोग्य रहेकाछन् । विभिन्न स्थानमा निर्माण भएका र भईरहेका करीव ४६५ वटा बोरिङ, कुलो र नहर रहेकाछन् । पालिका भरीमा ६८ वटा कुवा तथा ईनार रहेकाछन् । वडाहरुमा केही खुल्ला चौरहरु पनि रहेकाछन्।

## ३. नाम तथा परिभाषाः

नाम र प्रारम्भः यस नीतिको नाम “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९“ रहनेछ । यसको प्रारम्भ स्थानीय सरकार (गाउँपालिकाको गाउँसभा वा गाउँकार्यपालिकाबाट पास गरी राजपत्रमा प्रकाशन गरे पश्चात) ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा;

क) “नीति“ भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०७९ लाई सम्झनु पर्दछ।
ख) “स्थानीय तह“ भन्नाले गाउँपालिका, नगरपालिका, वडा कार्यालय र जिल्ला समन्वय समिति सम्झनु पर्दछ
ग) “गाउँपालिका“ भन्नाले सरावल गाउँपालिका, नवलपरासी (व. सु. प.) सम्झनु पर्दछ।
घ) “कार्यक्रम“ भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका योजनाहरुको संयोजित रुप सम्झनु पर्दछ।

ङ) "योजना" भन्नाले समग्रमा गाउँपालिकाले तयार गरेको स्थानीय तहको आवधिक योजना, वार्षिक योजना, गुरुयोजना, रणनीतिक योजना, एकिकृत शहरी विकास योजना आदि सम्झनु पर्दछ ।

च) "खण्डिकृत तथ्याङ्क" भन्नाले महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, जातीय समूह, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा अन्य वञ्चित समूहका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क भन्ने बुझ्नुपर्दछ ।

छ) "लिङ्ग" भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सम्झनु पर्दछ ।

ज) "लैङ्गिक" भन्नाले समाजबाट निर्मित महिल, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको भूमिका एवं पहिचानका साथै उनीहरु बिचको सामाजिक सम्बन्धलाई सम्झनु पर्दछ ।

झ) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

ञ) "पछाडि पारिएको समुदाय" भन्नाले समाजमा लामो समयदेखि विकास र अवसरबाट वञ्चितीकरणमा पारिएका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु भन्ने बुझ्नु पर्दछ ।

ट) "सीमान्तकृत समुदाय" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भैगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्नबाट वञ्चित भएका संघिय कानून वमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितीमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मूख समुदाय समेतलाई जनाउँछ ।

ठ) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति, नियम ,कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

ड) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको बजेटको सुनिश्चितता बजेटका सबै प्रकृयामा लैङ्गिक मूल प्रवाहीकरण र उपलब्धीको समातामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनैट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

ढ)"सामाजिक समावेशीकरण" भन्नाले समाजका सम्पूर्ण, वर्ग, लिङ्ग र जातजाति एकै थलोमा जम्मा भई आफु र आफ्नो समुदायको विकास गर्न सङ्गठित समानुपातिक समावेशीका साथ सहभागिता र उपलब्ध स्रोत साधन, सेवा सुविधा र अवसरहरुको न्यायोचित ढङ्गले उपभोग गर्न पाउने अवस्था भन्ने बुझ्नुपर्दछ ।

ण) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्तिसम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार अवसर एवं सम्मानजनक वातावरण सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ । यसलाई छोटकरीमा लैससास पनि भनिन्छ ।

त) "सामाजिक न्याय" भन्नाले लामो समयदेखि पछाडि पारिएको अधिकारबाट वञ्चित पारिएको समुदाय वा अवश्यक्तामा परेका व्यक्ति समूहलाई व्यवस्था गरेर अगाडि लैजाने प्रकृया भन्ने बुझ्नुपर्दछ ।

थ) "समृद्धि" भन्नाले दिगो आर्थिक विकासको साथै आर्थिक रुपमा सम्पन्न आत्मनिर्भर, विभेदको अन्त्य, सबै सफल, खुसी, स्वस्थ्य, शान्त र सुखी भएको वा हुन सक्ने अवस्था वा आधारभूत आवश्यकता पूरा भएको अवस्थालाई बुझ्नुपर्दछ ।

द) "सामाजिक पूँजी" भन्नाले नागरिकहरुको साझा हित तथा लाभको कार्यहरु गर्नको लागि सदस्यहरु बीच, सहअस्तित्व विश्वास, प्रतिबद्धता, सहयोग र सामाजिकताको माध्यमबाट एक विशेष उद्देश्यका साथ सामाजिक

स्रोतको रुपमा सामाजिक संस्था संगठनहरु वा सामाजिक संजालहरुलाई एकिकृत गरी प्रस्तावित गतिविधिमा भाग लिनको लागि प्रोत्साहित गर्ने कार्य भन्ने बुझ्नु पर्दछ ।

## ४. विद्यमान स्थिती:

लैङ्गिक समानता र सामाजिक समावेशीकरण समाज विकासको बहुक्षेत्रगत सवाल हो । यसलाई सम्बोधन गर्न संविधान, कानून, ऐन, नीति, नियमावली , निर्देशिकाहरु निर्माण भई कार्यान्वयन भइरहेका छन् । मानवअधिकार सम्बन्धी ९ वटा ठूला महासन्धिहरुमध्ये नेपालले ७ वटा ठूला महासन्धिलाई अनुमोदन गरी अन्तराष्ट्रिय महासन्धिहरुका प्रावधानहरुलाई संविधान तथा कानूनमा समावेश गरी कार्यान्वयनको प्रयासहरु पनि भैरहेकाछन् । संविधानको धारा २६९ को उपधारा (१) बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी भएको व्यवस्था कार्यान्वयन गर्न लोकतन्त्रको लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासका लागि स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ र संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएको छ । सामाजिक न्यायको अवधारणा अनुरुप समुदाय स्तरमा हुने विवादहरु, महिला हिंसाका विषयहरु, खास गरी देवानी प्रकृतिका घटनाहरुलाई  निरुपण गर्न स्थानीय तहमा न्यायिक समितीको संवैधानिक व्यवस्था गरेको छ । लैङ्गिक विभेद, हिंसा, जातीय छुवाछुत र बालविवाह समानता र विकासको प्रमुख बाधकको रुपमा रहेको कुरालाई महशुस गरी बाल विवाह बिरुद्धको राष्ट्रिय रणनीति जारी गरी दिगो विकासको लक्ष्यहरुलाई हासील गर्न नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्यहरु प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरु सहित मार्गचित्र समेत तयार गरेको छ ।

राष्ट्रको समग्र विकासलाई योजनाबद्ध रुपमा अगाडि बढाउन वि. स. २०१३ बाट नै पञ्च वर्षिय योजना लागू गरिएको छ । पञ्च वर्षिय योजनाहरुले लैङ्गिक मूलप्रवाहिकरणलाई विकासको अवधारणाको रुपमा लिई लक्ष्य र कार्यक्रमहरु निर्माण गर्दै आएकाछन् ।  संघिय सरकारले ***समृद्ध नेपाल सुखी नेपाली*** को राष्ट्रिय सोच पुरा गर्न आउँदो २५ वर्षका लागि दीर्घकालीन सोच तयार गरेको छ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा राष्ट्रिय योजना आयोगले पन्ध्रौं पञ्च वर्षिय योजना (आ. व. २०७६ /७७- २०८०/८१) को तर्जुमा गरेको छ । जसअनुरुप देशलाई सम्मुन्नत राष्ट्रको सूचीमा पुऱ्याउन लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य सहित लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिला, बालबालिका तथा किशोर, किशोरी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने उद्देश्य राखी योजना निर्माण गरेको छ । यसैगरी लुम्बिनी प्रदेश सरकारले पनि प्रथम गुरु योजना निर्माण गरेको छ । ***समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश निर्माण गर्ने दिर्घकालीन सोच राखी उच्च उत्पादन मर्यादित जीवन समावेशी सभ्य न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको आत्मनिर्भर प्रदेश निर्माणको लक्ष्य राखेको छ*** । राष्ट्रिय समानता नीति २०७७ ले लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता बृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीति लिएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न मन्त्रालयहरुले नीति तथा मर्गदर्शन तयार गरेता पनि संघ, प्रदेश तथा स्थानीय सरकारले यस सम्बन्धी नीति बनाइनसकेको र केही बनेकाहरुको पनि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । यस सम्बन्धी नीति तथा कार्यक्रमहरुको अभावले महिला तथा सीमान्तकृत समुदायको

आवश्यक्ता सम्बोधन गर्न सकिरहेको अवस्था छैन फलस्वरुप राज्यद्वारा व्यवस्था गरिएका कार्यक्रम तथा सेवा सुविधाहरुमा महिला तथा सीमान्तकृत समुदायको पहुँच न्युन रहेको छ ।

## ५.सरावल गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी वर्तमान अवस्थाः

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल प्रवाहिकरण विकास निर्माणको एक अनिवार्य शर्त हो । हाम्रो जस्तो लैङ्गिक असमानता भौगोलिक तथा जातिय विविधता भित्र रहेको विभेदपूर्ण समाजमा सबै नागरिकहरुले विकासका लाभहरुबाट लाभान्वीत हुनका लागि समानता र सामाजिक समावेशीकरण अपरिहार्य हुन्छ । गरिबीमा रहेको जनसंख्याको ठूलो हिस्सा महिला, दलित, आदिवासी, जनजाती, सीमान्तकृत एवं पछाडि पारिएको वर्ग तथा समुदायको रहेको छ । समाजमा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र पुरुष, दलित र गैरदलित धनी र गरीब समूहका बीच शिक्षा, स्वास्थ्य, पोषण लगाएत रोजगार, अवसर, सहभागिता तथा सेवाको उपभोग र स्रोतमाथिको पहुँचमा असमानता र विभेदको गहिरो खाडल रहेको छ । यो अवस्था यस सरावल गाउँपालिकामा पनि रहेको छ । थारु समुदायको बढि बसोबास रहेको यस गाउँपालिकामा थारु, मधेसी,मुस्लिम, दलित, ब्राम्हण, क्षेत्री  र अन्य जनजातीको लगाएत अल्पसंख्यक चमार,तेली जातीको पनि बसोबास रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार सरावल गाउँपालिकाको कूल जनसंख्याको ५०.९८ प्रतिशत महिलाको जनसंख्या रहेको छ । विकासको मुलधारबाट पर रहेका नागरिकहरुलाई जीवनका आधारभूत आवश्यकता परिपूर्ती गर्न साथै नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य, शिक्षा, रोजगारीको हकलाई कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक प्रयासहरु गरिरहेको छ ।

गाउँपालिकाले लैङ्गिक विभेद अन्त्यका लागि "परिवर्तन घरैबाट" भन्ने अभियान संचालन गरेको छ । नागरिक सशक्तीकरणका लागि महिलाहरुलाई विभिन्न समिती तथा समूहमा संगठित गरी क्षमताअभिबृद्धिका तालिम संचालन गरेको छ भने एकल महिलाहरुलाई सबै वडामा संगठित गरी स्वावलम्वन कार्यक्रम अन्तरगत तालिम तथा बिउ पूँजी सहयोग गरेको छ । महिलाको उद्यमशिलता विकासका लागि बाख्रा पालन, सलाईकटाई,होजियरी, मुढा बनाउने तालिमहरु सचालन गरेको छ । समुदायमा हुने लैङ्गिक हिंसाका घटनाहरुलाई सम्बोधन गर्न लैङ्गिक हिंसा निगरानी समूह गठन गरी परिचालन गरेको छ भने पालिकामा रहेको न्यायिक समितीले उजुरी कार्वाही किनाराका लागि कार्यविधि निर्माण गरी काम  गरिरहेको अवस्था छ । पालिकाले हिंसा प्रभावितलाई सहयोग गर्न लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरेको छ । जेष्ठनागरिक परिचयपत्र कार्यविधि र अपाङ्गता परिचयपत्र कार्यविधि निर्माण गरी सरकारद्वारा प्रदान गरिएका सेवा सुविधामा सो समुदायको पहँच सुनिश्चित गरेको छ ।अन्तरपुस्ता सम्वाद तथा समविकासका कार्यक्रमहरु मार्फत लैङ्गिक समानताका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिरहेको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई संगठित गरी अपाङ्गता सञ्जाल निर्माण गरेको छ । साथै घुम्ती शिविर मार्फत अपाङ्गता परिचय पत्र वितरण तथा आवश्यकता अनुसारका साहायक सामाग्री वितरण साथै सीप विकास तालिम संचालन गरेको छ । यसैगरी सामुदायिक विद्यालयहरुको शैक्षिक तथा भौतिक पूर्वाधार गुणस्तरका लागि शिक्षा ऐन नियमावली  निर्माण गरी लागू गरेको छ । पालिकाले शैक्षिक उत्प्रेरणाका लागि शैक्षिक सम्मेलन शैक्षिक सामाग्री सहयोग सहित विद्यालयमा वास कर्नरको स्थापना गरेको छ । विद्यालयको स्तरोन्नती सहित सुचना प्रविधी तथा विज्ञान प्रयोगशाला पुस्तकालय व्यवस्थापन गरेको छ ।  पालिमाका रहेका विभिन्न तहका ८ वटा विद्यालयबाट ५४३३

जना बालबालिकाहरु लाभान्वित भएकाछन् जसमा २९९३ जना छात्रा रहेका छन् । यद्यपी पालिकामा एक वटा पनि क्याम्पस नहुँदा स्थानीय स्तरमा नै उच्च शिक्षा प्राप्त गर्नबाट यहाँका छात्र छात्राहरु वञ्चित रहेका छन् । स्वस्थ्य गाउँपालिका निर्माण गर्न स्वास्थ्य नियमावली जारी गरी सबैका लागि स्वास्थ्य विमा कार्यक्रम लागू गरेको छ । सवै वडामा निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध, स्वास्थ्य चौकीको स्तरोन्नती गरी निःशुल्क ल्याव सेवाको व्यवस्था, विशेषज्ञ सहितको घुम्ती शिविर, वर्थिङ्ग सेन्टरको स्थापना गरेको छ भने, मातृ मृत्यु तथा कुपोषण अन्त्यका लागि मातृशिशु पोषण कार्यक्रम संचालन निर्देशिका जारी गरी गर्भवती अवस्थाबाट नै आमा र बच्चाको स्याहरमा परिवारको दायित्वको सचेतना साथै  सुत्केरी आमाको पोषण स्याहारका लागि रकम सहयोग कार्यक्रम, विपन्न महिला बालबालिका र किशोरीका लागि **उत्तम पोषण झोला** सहयोग साथै विद्यालय स्वास्थ्य कार्यक्रम मार्फत किशोरीहरुलाई आइरनफोलिक एसिड खुवाउने एवं विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरेको छ । गाउँपालिकामा रहेका ७ वटा स्वास्थ्य संस्थाहरुले यसवर्ष २११६२ जनालाई सेवा दिएको छ जसमा १२७१४ जना महिला अर्थात महिलाको कूल जनसंख्याको ३०.११% महिलाको स्वास्थ्य सेवामा पहुँच पुगेको देखिन्छ ।

पालिकाले स्थानीय रोजगार प्रवर्द्धनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ४०१ जनालाई रोजगारी प्रदान गरेको छ जसमा महिलाको संख्या २८१ रहेको छ । गाउँपालिकाले सामाजिक सुरक्षा सहयोग कार्यक्रम मार्फत समुदायका जेष्ठ,दलित, एकल, विधवा, दलित विद्यार्थीहरुलाई सहयोग गरिरहेको छ । जसमध्ये ९८४ जना दलित बालबालिकाको शिक्षा प्राप्तीमा सहयोग गरेको छ भने २२५ जना अपाङ्गता भएका व्यक्तिहरु र १९८१ जना जेष्ठ नागरिक र ७१० जना एकल तथा  विधवा महिलाहरु गरी जम्मा ३९०० जना कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएको अवस्था छ । गाउँपालिकाले कृषक मजदुर विपन्न तथा भूमिहिनहरुको सामान अधिकार स्थापितका लागि कृषि तथा पशुपालनलाई व्यवसायिक गर्न कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी ऐन, सहकारी ऐन, औद्योगिक ऐन, संस्था दर्ता ऐन, सार्वजानिक निजी साझेदारी ऐन, खानेपानी सरसफाई एवं स्वच्छता ऐन लगाएतका ऐन तथा निर्देशिकाहरु निर्माण गरेको छ । आगामी दिनमा यी ऐन, नियम, नर्देशिका, कार्यविधिहरुको प्रभावकारी कार्यान्वयन साथै आवश्यक अन्य ऐन, नियमहरुको निर्माण तथा परिमार्जन गरी प्रभावकारी कार्य गरेमा लैंगिक मैत्री तथा समावेशी  सरावल गाउँपालिका सम्भव रहेको छ ।

## गाउँपालिकाको विद्यमान समस्या चुनौती र अवसरः

लैङ्गिक असमानता यसको कारण हुने लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसार पसार, हानिकारक साँस्कृतिक तथा समाजिक परम्परागत अभ्यासहरु हाम्रो समाजको मुख्य समस्याको रुपमा रहेको छ । जसका कारण राज्यका हरेक संरचनाहरुमा लिङ्ग जाती र वर्गहरु बीच असमान शक्ति सम्बन्ध स्थापित रहेको छ । समाजमा पित्तृसत्तात्मक संरचना र विषाक्त पुरुषत्वका कारण महिलाहरु बढी हिंसाको जोखिममा रहेका छन् । विशेष गरी महिला, बालबालिका, किशोरी, दलित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य तथा रोजगारीमा न्यून पहुँच रहेको छ । समाजमा स्थापित विभिन्न हानिकारक सामाजिक साँस्कृतिक अभ्यासहरुले महिला, बालबालिका, किशोरी, दलित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु र पुरुषहरुलाई पनि नराम्रो गरी प्रभाव पारेको छ । गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवाबाट बञ्चीत बालबिवाह, बहुविवाह, छाउपडी तथा महिनावारी छुवाछुत, घरेलु हिंसा, विद्युतिय हिंसा,

बोक्सीको अरोप, सम्पत्तीबाट वञ्चित, जातिय छुवाछुत, बलात्कार, यौनजन्य हिंसा, हत्या, आत्महत्या जस्ता महिला तथा सिमान्तकृत समुदाय विरुद्ध संरचनागत लैङ्गिक हिंसाहरु व्याप्त रहेको छ । विगत एक वर्षमा न्यायिक समितिमा उजुरी भएका ६९ वटा घटना मध्ये १९ वटा लैङ्गिक हिंसाका घटना रहेका छन् । उजुरी भएका घटना मध्ये १२ वटामा समितिले न्यायिक निरुपण गरेको छ भने ५ वटा विभिन्न निकायमा प्रेसण गरेको छ । आ व २०७८/०७९ मा न्यायिक समितिमा जम्मा १९ वटा लैङ्गिक हिंसाको घटना उजुरी भएका छन् जसमध्ये १२ वटामा न्यायिक निरुपण भएको छ भएको ५ वटा जिल्ला प्रहरी र जिल्ला अदालतमा रेफर गरिएका र २ वटा प्रक्रियामा नै रहेका छन् । यसैगरी इलाका प्रहरी कार्यालयमा गत वर्ष लैङ्गिक हिंसाका …… वटा केश दर्ता भएको अवस्था छ । न्यायिक समिति र प्रहरी कार्यालयमा उजुरी भएका लैङ्गिक हिंसाको संख्या न्यून रहेको देखिन्छ । यस अवस्थालाई गहन ढङ्गबाट अध्ययन तथा विश्लेषण गरी कार्य गर्न आवश्यक रहेको देखिन्छ ।

**गाउँपालिकाको बिद्यमान समस्याहरुः**

- समाजमा रुढिवादी परम्परा तथा सामाजिक विभेद कायमै रहनु ।
- सामाजिक चेतनाको स्तरमा कमी भएकै कारणबाट लैङ्गिक तथा जातिय विभेद र त्यसबाट उत्पन्न समस्याहरुलाई पूर्णरुपमा समेट्न नसक्नु ।
- समाजमा अहिले पनि बहुविवाह बालविवाह अनमेल विवाहका कारण महिला तथा बालबालिकाहरु हिंसामा पर्नु ।
- व्यवसायिक तथा प्राविधिक ज्ञान र सीपको कमीका कारण समाजमा आर्थिक विपन्नता रहनु ।
- महिला हिंसा घरेलु हिंसाका घटनाहरुको अन्त्य हुन नसक्नु ।
- सामाजिक रुपमा महिला तथा दलितहरुलाई पेशा व्यवसाय छनौटमा पनि विभेद गर्नु ।
- .हरेक क्षेत्रमा महिला सहभागिताका लागि उत्प्रेरणाको कमी । महिलाहरुले सहज रुपमा बाहिर आउने र नेतृत्व गर्ने वातावरण निर्माण हुन नसक्नु ।
- राजनीतिक रुपमा महिला तथा सीमान्तकृत समुदाय विभेदमा पर्नु ।
- धार्मिक मूल्य मान्यताको कारणले विभेदहरु उत्पन्न हुने हुँदा यस्ता मूल्यमान्यता भत्काउन नसक्नु ।
- गाउँपालिकामा भएका योजना तथा क्रियाकलापहरुको वारेमा टोलमा विशेष गरी महिलामा जानकारी नहुनु ।
- दलित समुदायमा शिक्षा तथा पोषणको अवस्था कमजोर हुनु।
- स्वास्थ्य विमा कार्यक्रमबाट स्वास्थ्य उपचारमा सहजता नहुनु ।
- समाजमा जातिय छुवाछुत तथा महिनावरी छुवाछुत कायम रहनु ।

समाजिक समावेशीकरणको मूलप्रवाहिकरणका लागि गाउँपालिकाले केहि प्रयासहरु गरेता पनि महिला तथा सीमान्तकृत समुदायको समान र अर्थपूर्ण सहभागिताको कमी रहेको छ । पालिकाको हाल सम्म वस्तुगत विवरण सहितको पार्श्वचित्र नहुनु, लैङ्गिक तथा जातीगत खण्डिकृत तथ्याङ्कहरु व्यवस्थित हुन नसक्नु, महिलाको सार्वजानिक भूमिकालाई सहज रुपमा स्वीकार गर्न नसक्नु, स्थानीय तहमा महिला तथा दलित

महिला सदस्यहरुको उल्लेख्य उपस्थीती रहेता पनि निर्णायक भूमिकामा पुरुषकै बाहुल्यता रहनु । गाउँपालिकाको नेतृत्व वर्ग महिला तथा सीमान्तकृत समुदाय प्रति उत्तरदायी रहन तथा स्थानीय स्तरमा कानूनी तथा नीतिगत व्यवस्था, कार्ययोजना तथा कार्यक्रमको तर्जुमा सहित स्रोत, साधनमा समान पहुँच पुर्याइ तीनै तहको सरकार बीच समन्वय र सहकार्य प्रभावकारी हुन नसक्नु पनि यस गाउँपालिकको प्रमुख समस्या रहेका छन् ।

## विद्यमान चुनौतीहरुः

समाजमा रहेको लैङ्गिक विभेद, जातिय विभेद, सामाजिक विभेद र वर्गिय विभेदलाई अन्त्य गर्नु, सामाजिक संरचना तथा व्यवहारमा रुपमान्तरण गरी व्यक्ति परिवार र समाजमा रहेको असमान व्यवहार र विभेदको अन्त्य गर्नु, अंश र वंशको रुपमा छोरीलाई स्वीकार गर्न नसक्नु, महिलाको समाजिक तथा राजनीतिक नेतृत्वलाई स्वीकार गर्नु नसक्नु । समानता र समावेशीकरणको नीतिलाई विकासको मूल आधारको रुपमा स्वीकार गर्न नसक्नु । सामाजिक सचेतना तथा समाजिक विकासका गतिविधिलाई विकासको योजनाको रुपमा नलिनु । महिला तथा दलित प्रतिको आम धारणा र व्यवहारहरुमा रुपान्तरण हुन नसक्नु मूख्य चुनौतीको रुपमा रहेका छन् ।

## गाउँपालिकाको विद्यमान चुनौतीहरुः

- भारतको सिमाना देखि चुरे सम्मको भुगोल तथा डुबानका कारण विकासका लाभहरुमा आम नागरिकको सहज पहुँच पुर्‍याउन कठिनाई ।
- जातिय विभेद तथा छुवाछुतलाई व्यवहारिक रुपमा अन्त्य गर्न नसक्नु ।
- नीति निर्माण तथा निर्णय प्रकृयामा महिला तथा पछडि पारिएका वर्ग,  क्षेत्र र समुदायको सहभागिता जुटाउन नसक्नु ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न लक्षित कार्यक्रम सञ्चालनको  लागि प्रयाप्त पूँजी उपलब्ध गराउन नसक्नु ।
- जाती, भाषा तथा भौगोलिक विविधता बीच अनेकतामा एकता कायम गर्नु ।
- समावेशीकरणलाई केवल आरक्षणसँग मात्र तुलना गर्नु  सशक्तीकरणमा प्राथमिकता नदिनु ।
- कानूनद्वारा वर्जित बहुविवाह, बालविवाह तथा अनमेल विवाहलाई रोकी लैङ्गिक समानता कायम गर्न ।
- विभिन्न धार्मिक प्रथा प्रचलन तथा असल रीतिरिवाज र संस्कारलाई संरक्षण गर्दै कुरीति र विसंगति हटाई सभ्य समाजको निर्माण गर्नु चुनौती रहेको ।
- समाजमा हुने सबै प्रकारका विभेद, शोषण, अन्याय र असमानता निर्मूल पारी समतामूलक समाज स्थापना गर्नु ।
- महिला हिंसा, घरेलु हिंसा, यौन दुर्व्यवहार तथा कुप्रथाको अन्त्य गरी सामाजिक, साँस्कृतिक रुपान्तरण गर्नु ।

**बिद्यमान अवसरहरुः**

नेपालको संविधान २०७२ लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि एक महत्वपूर्ण कडी हो । संविधानले समाजका महिला तथा सीमान्तकृत समुदायको समान अधिकारको प्रत्याभूत गरेको छ । लैङ्गिक तथा जातिय कुनैपनि किसिमको भेदभाव तथा हिंसालाई प्रतिबन्ध गरी कानूनी रुपमा दण्डनिय बनाएको छ । समान कामको समान ज्याला, महिलाको पैतृक सम्पत्ती र वंशीय अधिकार, सहभागी हुन पाउने अधिकारलाई स्थापित गरेको छ । समाजिक सुरक्षा, सामाजिक न्यायको हकले वञ्चितिकरणमा परेका समुदायलाई सम्मानजनक रुपमा बाँच्न पाउँने हकको सुनिश्चित गरेको छ । संघिय संरचनाले स्थानीय तहलाई एक स्वतन्त्र र अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा व्यवस्था गरेको छ, जसले गर्दा हरेक स्थानीय तहले संघिय नीति, नियम तथा कानूनलाई कार्यान्वयन गर्न आफ्नो भूगोल र परिवेश अनुसारको नीति तथा कार्यक्रम लागू गर्न सक्ने अवसर पनि रहेको छ ।

**गाउँपालिकाको बिद्यमान अवसरहरुः**

- व्यवसाय सञ्चालनमा महिलालाई विशेष व्यवस्था गरी महिलाको नाममा व्यवसाय दर्ता गर्न प्रोत्साहनको व्यबस्था भएको ।
- जेष्ठ नागरिक, विपन्न, असक्त, अल्पसंख्यक समुदायलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गरी स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन सहयोग भएको ।
- एकल महिला, आर्थिक अवस्थाले पिछडिएका व्यक्तिहरुलाई सिलाई, कटाई, बुनाई , चुरा पोते, रेसाजन्य पदार्थबाट बनाउन सकिने सामाग्री लगाएत अन्य विभिन्न जिविकोपार्जन तथा स्वरोजगार सम्बन्धी तालिमको व्यवस्था भएको ।
- उपभोक्ता समिति गठन गर्दा मूख्य पदमा अनिवार्य महिलाको सहभागिता एवं उक्त समितिमा ३३ प्रतिशत महिलाको सिट सुरक्षित गर्ने व्यवस्था रहेको ।
- पालिका भित्रकै स्वास्थ्य संस्थामा जन्म भईसुत्केरी महिलाको स्याहार सुसारको लागि रु २००० प्रदान गरिएको साथै छोरी जन्मिए छोरीको सुनौलो भविष्यको व्यवस्था अन्तरगत छोरी सम्मान कार्यक्रम मार्फत यो कार्यक्रम लागु  गरेको ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई व्यवसायिक रुपमा संचालन गर्नका लागि अन्य संघसंस्था सँग सहकार्य गरी स्वरोजगारी सृजनामा टेवा पुऱ्याएको ।
- महिला, एकल महिला तथा सीमान्तकृत समुदायहरु विभिन्न समूह समिती तथा सञ्जालमा संगठित भएको ।
- गाउँपालिकामा १ उपाध्यक्ष सहिभ १५ जना महिला जनप्रतिनिधीहरुको प्रतिनिधित्व रहेको ।
- गाउँपालिकाले शिक्षाको गुणस्तरीयता प्रवर्द्धनका लागि शिक्षा नीति, नियमावली निर्माण गरेको ।
- गाउँपालिकामा सामाजिक सशक्तीकरणका लागि मिहला सामुदायिक भवन, युवा क्लव, सहकारीहरु सञ्चालित रहेका छन् ।

- पर्यटन विकासको गुरु योजना निर्माण गरी प्राकृतिक स्रोतको संरक्षण र प्रवर्द्धन सहित साहसिक खेल प्रवर्द्धनका कार्यहरु सुरु गरेको ।
- लैङ्गिक मैत्री र छुवाछुत मुक्त गाउँपालिका कार्यक्रम संचालनमा रहेको ।

यसका साथै तीन तहका सरकारको प्राथमिकतामा लैङ्गिक समानता सामाजिक समावेशीकरणका सवालहरु रहेका छन् । संघ तथा प्रदेशका आवधिक योजनाहरुको मुख्य उद्देश्यको रुपमा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई उल्लेख गरेका छन् । समाजिक व्यवहारहरुमा क्रमिक रुपमा परिवर्तन भैरहेको अवस्था छ । सामाजिक सोच तथा व्यवहारमा रुपान्तरण अहिलेको आवश्यकताको रुपमा स्वीकार भएको छ । यी महत्वपूर्ण अवसरहरुलाई गम्भीरतापूर्वक अध्ययन विश्लेषण एवं सम्बोधन गरी समाधान गर्दै जाने हो भने सरावल गाउँपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि प्रशस्त अवसरहरु रहेको देखिन्छ ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे नेपालको संविधान तथा कानूनहरुमा भएको व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्न संघिय शासन स्वरुप विगतमा निर्माण भएका नीति, नियम, ऐन, कानून, कार्यविधि, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता र नेपालले विगतमा भोगेका समस्या तथा चुनौतीहरुलाई मध्यनजर गर्दै तीनीहरुको समाधान गर्न साथै सरकारले बनाउने नीति योजना तथा कार्यक्रमहरुबाट नै व्यक्ति परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता अनुरुप स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन गाउँपालिकाद्वारा अवश्यकता महशुस गरिएको हो । यसर्थ सरावल गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा लैङ्गिक तथा जातिय भेदभाव मुक्त, लैङ्गिकमैत्री, सामावेशी, समता मूलक, समृद्ध समाज निर्माण  गर्ने । भन्ने दिगो सोच लिई निम्न आवश्यक्ताका साथ यो नीति तयार गरेको हो ।

- सवैधानिक रुपमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नागरिकका दायित्वाद्वारा निर्देशित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी कानूनी प्रावधानहरु स्थानीय तहमा कार्यान्वयन गर्ने आधार तयार गर्ने ।
- राज्यका सबै  संरचनाहरुमा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको उचित प्रतिनिधित्व गराउन नीति निर्माण तहसम्म पहुँच बढाउन र सीमान्तकृत समुदायलाई विकासको मूल प्रवाहमा समाहित गरी लैङ्गिक उत्तरदायी शासन पद्धतिको संस्थागत विकास गर्न ।
- गाउँपालिकाको विद्यमान सामाजिक असमानता र वञ्चितिकरणका कारण सामाजिक विकासका सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमान पहुँचको अवस्था
- दिगो विकास लक्ष्यले सन् २०३० सम्म निर्धारण गरेका सबै लक्ष्यहरु प्राप्त गर्ने आधार तयार गर्न ।
- स्थानीय सरकारले समुदायको आवश्यकताको आधारमा आवश्यक स्रोत साधनको व्यवस्थापन र समुचित प्रयोगबाट योजनाहरुको प्राथमिकिकरण सहित कार्यान्वयन गरी दिगो शान्ति सहितको समृद्धि प्राप्त गर्ने आधार तयार गर्न ।

- गाउँपालिका भित्र कार्यरत सरकारी, विभिन्न संजालहरु, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघसंस्था तथा गैरसरकारी संस्थाद्वारा संचालित कार्यक्रम र वजेटलाई समेत लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रती उत्तरदायी बनाई स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहिकरण गर्न ।
- समाजमा विद्यमान सबै खाले लैङ्गिक, जातिय, क्षेत्रीय, सामाजिक, आर्थिक विभेदको अन्त्य गर्न ।

माथी उल्लेखित सबै आवश्यकताहरु पुरा गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को धारा ११ उपराधा २ बुँदा ठ को उपबुँदा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९ तयार गिरएको हो । यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाउँपालिकावासीहरुले विभेद र हिंसा रहित समाजमा सम्मानजनक रुपमा जीवन यापन गर्न पाउने अवस्थाको सुनिश्चित हुनेछ ।

## ७. नीति निर्माणका सिद्धान्तहरु :

देहायका सिद्धान्तका आधारमा यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरिएको छः

क) अविभेद
ख) सारभूत समानता
ग) कोही पछाडि नछुटुन्
घ) कसैलाई हानी नपुऱ्याउने
ङ) शून्य सहनशीलता
च) अर्थपूर्ण सहभागिता
छ) सकारात्मक सोच
ज) लोकतान्त्रीक पद्धति
झ) प्रभावितको संरक्षण
ञ) गोपनीयता
ट) न्यायमा पहुँच तथा द्रुत न्याय
ठ) साझेदारिता र सहकार्य
ड) आत्मनिर्भरता

## ८.नीति निर्माण प्रक्रियाः

सरावल गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गर्ने क्रममा पहिलो चरणमा एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशालामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत लगाएत विषयगत शाखाका कर्मचारीहरु, महिला जनप्रतिनिधिहरु,अपाङ्गता भएका व्यक्ति, युवा तथा किशोरीहरु, पालिकामा कार्यरत संघसंस्थाका प्रतिनिधिहरु गरी ४६ जना को सक्रिय सहभागितामा गहन छलफल गरिएको थियो । छलफलबाट आएका

कुराहरुलाई यस नीति निर्माण गर्ने क्रममा मुख्य आधार बनाइएको छ । नीति निर्माण कार्यलाई प्रभावकारी बनाउन उपाध्यक्षको संयोजकत्वमा ११ सदस्यीय गाउँपालिका स्तरीय कार्यसमूह गठन गरीएको थियो । गाउँपालिका स्तरीय कार्यसमूहले परामर्शदाताको सहकार्यमा वाडास्तरमा समावेशीमूलक सहभागितामा समूह केन्द्रित छलफल गरी समस्या पहिचान तथा सम्बोधनका लागि सुझाव संकलन लिएको थियो । छलफलमा महिला, कृषक, विद्यार्थी, शिक्षक, गृहणी, व्यवसायी, स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । यसरी यस नीति निर्माण कार्यमा १७० महिला र १६९ पुरुष  गरी जम्मा ३३९ जनाको प्रत्यक्ष रुपमा सहभागिता रहेको छ ।

यसैगरी गाउँपालिकाका महत्वपूर्ण दस्तावेजहरु (वार्षिक नीति तथा कार्यक्रम प्रतिवेदन, पालिकाको ऐन कार्यविधि तथा निर्देशिकाहरु, गाउँपालिकाको आधिकारिक वेभसाइटमा उपलब्ध को अध्ययन गरी आवश्यक सुचनाहरुलाई लिइएको छ । राष्ट्रिय र अन्तराष्ट्रिय तहमा नेपाल सरकारद्वारा अनुमोदन गरिएका मानवअधिकार सम्बन्धी दस्तावेजहरुको अध्ययन, संघीय सरकार तथा प्रदेश सरकारद्वारा तयार गरिएका ऐन, कानुन, कार्यविधि, नीति, रणनीति, योजना साथै दिगो विकास लक्ष्य, मानव विकास प्रतिवेदन लगाएतका दस्तवेजहरुको अध्ययन, विभिन्न स्रोतबाट प्राप्त अनुभव एवं ज्ञानलाई समेट्दै नीतिको खाका तयार गरिएको हो । तयार भएको मस्यौदालाई गाउँपालिका स्तरीय कार्यसमूह, सहयोगी तथा कर्मचारीहरुबीच छलफल गरी सुझाव संकलन गरि अन्त्यमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु तथा कर्मचारीहरु माझ प्रस्तुत गरी छलफलमा आएका सुझावहरुलाई समावेश गरी नीति निर्माण कार्यलाई अन्तिम रुप दिइएको हो ।

## ९.लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको दिगो सोचः

लैङ्गिकमैत्री, सामावेशी, समता मूलक, समृद्ध समाज निर्माण गर्ने ।

## १०. लक्ष्य

आगामी ५ वर्ष भित्र समाजमा रहेको परम्परागत लैङ्गिक भूमिकामा परिवर्तन गरी कृषि तथा पर्यटनको प्रवर्द्धनबाट महिला तथा सिमान्तकृत समुदायको शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार निर्माण सहित नीति निर्माण तहमा समता र समावेशी अवसर तथा पहुँचको वातावरण निर्माण गरी लैङ्गिक समानता र समावेशी समाज निर्माणको आधार तयार गर्ने ।

## ११. उद्देश्य

लैङ्गिक तथा जातिय विभेद, हिंसा तथा परम्परागत हानिकारक सामाजिक अभ्यासहरुको अन्त्य गरी महिला तथा सीमान्तकृत समुदायको राजनीतिक, सामाजिक तथा आर्थिक सशक्तीकरणका लागि समानता र समावेशी मूल्य मान्यतामा आधारित दीर्घकालिन, परिणाममूखी कार्ययोजना निर्माण तथा कार्यान्वयनको सुनिश्चितता गरी लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्नु ।

## १२. रणनीतिक उद्देश्यहरुः

- ❖ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीकरणको नीतिलाई मूलप्रवाहिकरण गर्ने
- ❖ लैङ्गिक समानता तथा समावेशीकरणको दृष्टिकोणबाट योजना निर्माण तथा कार्यान्वयनको प्रत्येक चरणमा अनुगमन तथा मूल्याङ्कन गरी प्राथमिकताको आधारमा काम गर्ने साथै संघ प्रदेश सरकार विभिन्न आयोग विकास साझेदार संस्थाहरु नागरिक समाज निजी क्षेत्र र अन्य स्थानीय सरोकारवालाहरुलाई पनि यस अवधारणा अवलम्वन गर्न समन्वय सहकार्य र सहजीकरण गरी यो पद्धतिलाई संस्थागत गर्दै लैजाने ।
- ❖ महिला तथा सीमान्तकृत समुदायको शिक्षा स्वास्थ्य र आर्थिक समृद्धिका लागि आर्थिक सामाजिक राजनीतिक र सार्वजानिक जीवनमा नेतृत्वदायी भूमिकाका  साथै विकासमा समान सहभागिता समान प्रतिफल र लाभ उपभोगमा पहुँच बृद्धि गर्ने नीति लिई नेतृत्व विकास र सशक्तीकरणमा जोड दिने ।
- ❖ समाजमा लिङ्ग, जाति,  वर्ग, धर्म,  क्षेत्रका आधारमा हुने सबै किसिमको विभदको अन्त्यका लागि विभिन्न सचेतना तथा प्रचारात्मक कार्यमा जोड दिने ।
- ❖ विपद तथा माहामारीको समयमा महिला तथा किशोरीहरुको फरक आवश्यक्ता तथा सो समयमा हुन सक्ने विभेद र हिंसाका सवाल सम्बोधनका लागि नीति तथा कार्यक्रम निर्माण गर्ने ।

## १३. नीतिहरुः

१३.१. गाउँपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई लैङ्गिक समानता तथा समावेशीकरणको अवधारणाबाट संस्थागत गरिनेछ ।

१३.२ .गाउँपालिकाले महिला तथा सीमान्तकृत समुदायको समान अवसर नेतृत्वदायी भूमिकालाई प्रवर्द्धन गरी विकासका गतिबिधिमा सो समुदायको अर्थपूर्ण सहभागिता कार्यान्वयन सहित मूलप्रवाहीकरण गरिने नीति लिनेछ ।

१३.३ .वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गरी विकासका सम्पूर्ण लाभको उपभोगमा समान अधिकार सुनिश्चित गरिनेछ ।

१३.४.  गाउँपालिकामा विद्यमान हानिकारक सामाजिक मूल्यमान्यताको अन्त्य गर्दै सबै प्रकारको लैङ्गिक तथा जातिय विभेद र हानिकारक अभ्यासहरुलाई शून्यमा झारि सुपोषित र स्वस्थ्य गाउँपालिका निर्माण गरिनेछ ।

१३.५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी संविधान कानून तथा अन्तराष्ट्रिय दस्तावेजहरुमा गरिएका प्रतिवद्धताहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सचेतीकरण तथा क्षमता विकास गर्ने नीति अवलम्बन गरिने छ ।

१३.६. विपद तथा माहामारीका समायमा गरिने मानविय सहयताका कार्यक्रमहरुलाई महिला (गर्भवती, सुत्केरी) किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरुको फरक आवश्यकता र सो समयमा हुनसक्ने विभेद, हिंसा, स्वास्थ्य, पोषणका सवाललाई सम्बोधनका लागि विषेश नीति तथा कार्यक्रम निर्माण गरिनेछ ।

## १४.रणनीतिहरुः

१४.१. महिला तथा सीमान्तकृत समुदायको निर्णय प्रक्रिया सहित अर्थपूर्ण सहभागिता तथा प्रतिनिधित्व सुनिश्चितताका लागि स्थानीय तहको प्रशासनिक संरचनाहरुमा संस्थागत कार्यप्रणाली तथा संरचनागत रुपान्तरणका लागि आवश्यक नीतिगत व्यवस्थाहरु मार्फत विकासमा मुलप्रबाहिकरण गर्ने ।

१४.२. लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक उत्तरदायी बजेट परीक्षण मार्फत स्थानीय सरकारको संरचना र कार्यक्रमहरुमा समावेशी समुदायको विकास तथा सशक्तीकरणका लागि योजनाहरुको प्राथमिकिकरण तथा बजेट व्यवस्थापन गरी सकारात्मक विभेद र आरक्षणको माध्यमबाट लैङ्गिक मूलप्रवाहीकरण गर्दै लगिनेछ ।

१४.३. वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि, सवाल र समस्याको सम्बोधनका लागि विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सहित पालिकाबाट उपलब्ध सेवा तथा विकासका सम्पूर्ण लाभको उपभोगमा समान अधिकार सुनिश्चित गरिनेछ ।

१४.४. महिला तथा सीमान्तकृत समुदायको स्रोत साधन माथिको समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिताका लागि सशक्तीकरण तथा आत्मजागरणको माध्यमबाट उद्यमशीलताको प्रवर्द्धन सहित आत्मनिर्भर बनाउने ।

१४.५. महिला बहुविभेदमा परेका महिला तथा सीमान्तकृत समुदायको स्थानीय सीप र ज्ञानलाई आर्थिक विकास तथा रोजगारी पूर्वाधारको रुपमा लिई तीनको गुणस्तरीयता र व्यवसायिकताका लागि दक्ष मानवस्रोत उत्पादन गरी औद्योगिकीकरण गरिनेछ ।

१४.६. निरोधात्मक उपचारात्मक तथा नियमनकारी उपायहरुद्वारा समाजमा रहेका कुरीतीजन्य तथा हानिकारक परम्परागत अभ्यासहरुको अन्त्य तथा लैङ्गिक हिंसा निवारणका गर्न सामाजिक अभियानहरु मार्फत महिला वालिका किशोरी तथा दलितहरुले भोग्नु परेका दुर्व्यवहार तथा हिंसाको अन्त्य गर्ने ।

१४.७. मानवअधिकार कानून तथा सामाजिक न्यायको अवधारणागत स्पष्टताका लागि जनप्रतिनिधी, कर्मचारी, राजनीतिक दल, गैरसरकारी संस्था तथा अन्य सरोकारवालाहरुको विषयगत क्षमता अभिवृद्धका कार्यक्रमहरु संचालन गर्ने ।

१४.८. विपद तथा अन्य संकटको समयमा बढी जोखिममा पर्न सक्ने महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित, जेष्ठ नागरिकहरुको अधिकार सुनिश्चितताका लागि पालिकास्तरीय प्रकोप व्यवस्थापन समिती तथा विषयगत समितीहरुको गठन गरी विपद प्रभावितहरुको अवस्था पहिचान तथा प्रभावकारी सहयोगका लागि कार्य गर्ने ।

## १५. कार्यनीतिहरुः

*रणनीति १ सँग सम्बन्धीत*

१५.१. गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुदायलाई समावेशका लागि आवश्यक कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने ।

१५.२. लैङ्गिक सामानता र समावेशी अवधारणाको व्यवहारीक कार्यान्वयनका लागि गाउँपालिकालाई प्रविधि मैत्री बनाई खण्डिकृत तथ्याङ्क व्यवस्थापन सहित लैङ्गिक समानताको अवस्था पहिचान तथा विश्लेषणका लागि लैङ्गिक समानताको सूचक निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.३. भौगोलिक अवस्था अनुसार सुचनाको सहजताका लागि पालिका देखि वडा स्तरसम्म एकिकृत सूचना प्रणालीको प्रवर्द्धन गरी नागरिकहरुको सेवा तथा अवसरको पहुँच बृद्धि तथा सुचनाको हकको प्रवर्द्धन गर्ने ।

१५.४. लैंगिक समानता र सामाजिक समावेशीकरणको नीतिले निर्दिष्ट गरेका विषयहरुको आन्तरिकीकरण गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

१५.५. सामुदायिक संरचनाहरु (महिला समूह संजाल विद्यालय व्यवस्थापन सिमिति टोल विकास संस्था उपभोक्ता समिति राजनीतिक दलका समिति आदि) मा लैंगिक समानता र सामाजिक समावेशीकरणको बारेमा सुसुचित गरी महिला तथा सीमान्तकृत समुदायको अर्थपूर्ण भूमिका सुनिश्चित गर्ने ।

१५.६. गाउँपालिका मातहतका सबै कार्यालयहरु पालिकामा क्रियाशील संघ संस्था, समूह तथा सञ्जालहरु, निजी क्षेत्रहरुले संवेदनशील रुपमा लैससासको अवधारणा अनुरुप कार्य गरेको सुनिश्चितताका लागि नियमित र प्रभावकारी रुपमा समन्वय सहकार्य र सहजिकरण गर्ने ।

१५.७. संघ, प्रदेश तथा गाउँपालिकाले महिला, यूवा, बालबालिका, दलित, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारी, सामाजिक सुरक्षा, सहभागिताका सवालमा बनाएका ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि पूर्णरुपले कार्यान्वयन गर्ने ।

१५.८. गाउँपालिकामा उपलब्ध स्रोत साधनको परिचालन एवं प्रयोग गर्न आर्थिक सुशासन कायम गर्न तथा उत्पादन मूलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्न गाउँपालिकाले कार्य सञ्चालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउने ।

१५.९. गाउँपालिकामा सम्पन्न गतिबिधीहरुको लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको आधारमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

### *कार्यनीति रणनीति २ सँग सम्बन्धीत*

१५.१०. गाउँपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री योजना र कार्यक्रम निर्माण गर्न पूँजीगत बजेटमा कम्तीमा ३० प्रतिशत बजेट छुट्याई महिला, बालबालिका, आदिवासी, जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अल्पसंख्यक तथा वञ्चितिकरणमा पारिएका समूहलाई प्राथमिकता दिई विकासको मूलधारमा ल्याउन कार्य गर्ने ।

१५.११. लैङ्गिक उत्तरदायि योजना तथा बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगको लागि योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैङ्गिक उत्तरदायी बजेट सुनिश्चित गरी लैङ्गिक मैत्री गाउँपालिका घोषणा कार्यक्रमको व्यवहारीक कार्ययोजना कार्यान्वयन गर्ने ।

१५.१२. लैङ्गिक बजेट परीक्षण कार्यलाई नियमित र अनिवार्या गरी परीक्षणबाट आएका परिणामको आधारमा नतिजामुखी आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी सोको कार्यान्वयन गर्ने ।

१५.१३. योजना कार्यक्रम तथा बजेटचक्रमा लक्षित समुदायसँग छलफल गरी उनीहरुबाट नै आवश्यकता पहिचान गरी समाधानका लागि सल्लाह सुझाव सहित जिम्मेवारी दिने । यस्ता कार्यहरुमा विकास साझेदार संस्थाहरुलाई पनि परिचालन गर्ने ।

१५.१४. गाउंपालिका र गाउँपालिका मातहतका अन्य निकायहरु साथै निजि तथा सार्वजानिक क्षेत्रमा हुने रोजगारीका अवसरहरुमा ५० प्रतिशत नियुक्ति लैङ्गिक तथा सीमान्तकृत समुदायको पहुँचको लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.१५. गाउँपालिकाका सेवा प्रदायक र सेवाग्राही दुबै पक्षका सरोकारवालाहरुलाई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धी सुचना र जानकारी नियमित रुपमा प्रदान गर्न प्रबन्ध गर्ने यसका लागि पालिकाको सुचना प्रणाली सहित आम संचार माध्यमको प्रयोगलाई प्रभावकारी बनाउने ।

१५.१६. गाउँपालिकाको समग्र विकासको योजना निर्माण प्रकृयामा महिला तथा सीमान्तकृत समुदायका लागि विद्यमान प्रवधानहरु र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन सचेतनामूलक कार्यक्रमहरु निरन्तर संचालन गर्ने ।

१५.१७. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, संस्थागत क्षमता स्वमूल्यांकन, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने। यी क्रियाकलापहरुमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा मुस्लिम आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने।

### *रणनीति ३ सँग सम्बन्धीत*

१५.१८. गाउँपालिकाको वस्तुगत विवरण सहितको पार्श्वचित्र निर्माण गरी खण्डीकृत तथ्याङ्क र र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण सहित गरिब तथा वञ्चितिकरणमा परेका समूहको पहिचान गर्ने ।

१५.१९. सामाजिक तथा लैङ्गिक विविधताको सम्मान गर्दै वञ्चितिकरणमा परेका वर्गहरुको निरन्तर अभिमुखीकरण एवं अन्तरकृयाबाट सार्वजानिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.२०. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधार संरचना सूचना सामाग्री  र प्रदान गरिने सेवा सुविधालाई लैङ्गिक समावेशी,  अपाङ्गता मैत्री तथा बाल मैत्री बनाउन आचार संहिता निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.२१. गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी गाउँपालिकामा रहेका सबै सरकारी निकायहरुमा लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने ।

१५.२२. वडा स्तर देखि नै सीमान्तकृत ताथ वञ्चितिकरणमा परेका समुदायको नक्साङ्कन गरी सो समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण सहित उनीहरुमा रहेको ज्ञान सीप र क्षमता अभिबृद्धिका योजना तथा कार्यक्रम संचालन गर्ने ।

१५.२३. बालबिवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिका किशोरी तथा महिलाहरुको पहिचान र अवस्था अध्ययन गरी उपयुक्त सेवाका लागि सम्पर्क विन्दुको रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, टोल विकास संस्था, मेलमिलाप समिति, यूवा, बाल तथा महिला संजाल, बाल क्लब, मानवअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने ।

१५.२३. महिला द्वन्द्व प्रभावित दलित अपाङ्गता भएका व्यक्तिहरु यूवाहरुलाई संगठित गरी आत्मजागरण, नेतृत्व विकास, सवाल पहिचान तथा अभियान संचालन सम्बन्धी क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१५.२४. सरकारी तथा सामुदायिक विद्यालयको भौतिक पूर्वाधारहरु किशोरी बालिका तथा अपाङ्गता मैत्री बनाई दिवा खाजा कार्यक्रमको गुणस्तरियता तथा गुणस्तरिय पठन पाठन साथै स्वास्थ्य सेवा कार्यक्रमको लागि आवश्यक कार्यविधि बनाई लागू गर्ने ।

१५.२५. गाउँपालिकाका भारतको सिमाना भेगका महिला बालबालिका तथा किशोरीहरुको पोषणको कमजोर अवस्थालाई सम्बोधन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्ने ।

१५.२६. कुपोषण जोखिम न्यूनिकरण गर्न महिला स्वास्थ्य स्वयंसेविकाद्वारा ५ वर्ष मुनिका सबै बालबालिकाको कुपोषित अवस्थाको पहिचान  गरी बहिरंग उपचार केन्द्र (OTC) प्रेषण तथा आवश्यकता अनुसार स्वास्थ्य उपचारको व्यवस्था गर्ने । पालिकामा नै वहिरङ्ग उपचार केन्द्र (OTC) स्थापना गर्ने व्यवस्था मिलाउने ।

१५.२७. जेष्ठ नागरिकहरुको ज्ञानसीप र अनुभवलाई अन्तरपुस्ता संवाद मार्फत संरक्षण तथा सम्मान गरी जेष्ठ नागरिकको स्वास्थ्य सेवा सहित सामाजिक सुरक्षा भत्तालाई सहज र सरल बनाउन कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.२८. महिला तथा सीमान्तकृत समुदायको शिक्षा तथा स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक नीति तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.२९. स्वास्थ्य चौकीको स्तरोन्नती गरी नि:शुल्क ल्याव सेवाको व्यवस्था गरी सबै वडामा आधारभूत स्वास्थ्य सेवा सहित वर्थिङ्ग सेन्टरको व्यवस्था गर्ने । साथै स्वास्थ्य संस्था लगाएत अन्य सेवा प्रदायक निकायहरुको नियमित अनुगमन गर्ने ।

***रणनीति ४ सँग सम्बन्धीत***

१५.३०. गाउँपालिकामा रहेको स्रोत, साधन, अवसर र लाभमा महिला तथा सीमान्तकृत समुदायको पुहुँच अभिबृद्धिका लागि स्थानीय उत्पादनमा आधारीत उद्योग व्यवसाय संचालन गरी आर्थिक सशक्तीकरणका योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

१५.३१. गाउँपालिकामा रहेका मानव स्रोत तथा रोजगारदाताहरुको अभिलेख व्यवस्थापन गरी उम्मेद्वार बैंक स्थापना गर्ने र  योग्यता र दक्षताका आधारमा रोजगारीको वातावरण निर्माण गर्ने साथै समान कामको समान ज्याला तथा सामाजिक सुरक्षामा रहेको भेदभावको अन्त्य गर्ने ।

१५.३२. प्राविधिक शिक्षालयहरुको समन्वय तथा सहकार्यमा एक गाउँ एक प्राविधिक कार्यक्रम मार्फत उत्पादनमा महिला तथा विपन्न समुदायका युवाहरुलाई अवसर प्रदान गरी समुदायमा व्यवसायिक कृषि तथा पशु पालन फर्मको प्रोत्साहनका लागि विमा तथा अनुदान सहयोग  कार्यक्रम संचालन गर्ने ।

१५.३३. पर्यटन गुरुयोजनालाई पर्यटकीय सम्भावना रहेका प्राकृतिक एतिहासिक धार्मिक एवं साँस्कृतिक क्षेत्रको संरक्षण, प्रवर्द्धन सहित पर्यटन व्यवसायिकताका लागि सम्बन्धीत क्षेत्रका महिला तथा युवाहरुको नेतृत्वमा रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.३४. स्थानीय समुदायको नेतृत्वमा वातावरण तथा पर्यावरण सरक्षणका लागि वनक्षेत्रमा जडिबुटि तथा बहुउपयोगी वनस्पती प्रवर्द्धन कार्यक्रमबाट वातावरण संरक्षण साथै अर्थिक उपार्जनको गतिविधि संचालन गर्ने

१५.३५. महिला तथा सीमान्तकृत समुदायको अगुवाईमा स्थानीय कच्चा पदार्थमा आधारीत साना उद्योग र घरेलु उद्योग स्थापनाको लागि प्रोत्साहन गर्न कर छुट, अनुदान तथा बजार व्यवस्थापनका लागि नीतिगत व्यवस्था गर्ने ।

१५.३६. “स्थानीय बस्तुको प्रयोग गरौं र उत्पादनलाई प्रोत्साहन गराउँ“ भन्ने अभियान मार्फत दिगो रुपमा अर्गानिक खेति प्रवर्द्धन, पोषण सुधार तथा कृषीजन्य वस्तुको प्रयोग तथा प्रसोधित सामाग्री उत्पादनका कार्यक्रम  सञ्चालन गर्ने ।

***रणनीति ५ सँग सम्बन्धीत***

१५.३७. महिला तथा सीमान्तकृत समुदायको गरिबी अन्त्यका गरीब परिचयपत्र कार्यक्रम सचालन गर्ने साथैसमाजिक पूँजी निर्माण र लगानी सम्बन्धी नीतिगत व्यवस्था गरी महिला दलित तथा सीमान्तकृत समुदायको ज्ञान र सीपलाई गुणस्तर र व्यवसायिक रुपमा प्रवर्द्धन गर्ने ।

१५.३८. महिला, द्वन्द्व प्रभावित महिला एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा विपन्नहरुको सशक्तीकरण तथा  नेतृत्व विकास सहित आत्मनिर्भरताका लागि बजारको सुनिश्चितता गरी लघु उद्यम कार्यक्रम संचालन गर्ने ।

१५.३९. महिला, दलित, अल्पसंख्यक, विपन्न वर्गको समुदायको आयस्तर बृद्धिका लागि उनीहरुसँग भएको सीपलाई प्रवर्द्धन गरी घरेलु साना उद्यम तथा व्यवसायका लागि प्रोत्साहन गर्न अनुदानका कार्यक्रम सञ्चालन गर्ने ।

१५.४०. वैदेशिक रोजगारीमा गएका परिवारका महिला सदस्यहरु, वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरुको सीप ज्ञान र विप्रेषणलाई व्यवस्थित र पुनर्उत्पादनमूलक बनाउन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

१५.४१. कृषि यान्त्रिकिकरण तथा आन्तरिक उत्पादनको विविधिकरण र व्यवसायिकरणका लागि कृषक कल सेन्टरको संस्थापना गरी उत्पादकत्व र वजार प्रतिस्पर्धा बृद्धिका लागि पकेट क्षेत्र निर्माण, प्रविधी हस्तान्तरण गरी एकीकृत बजा/ीक/णको व्यव:थापनका लागि भौतिक, आर्थिक तथा प्राविधिक ;हयोग गर्ने .

१५.४२. आर्थिक विकासमा यूवाहरुको रचनात्मक तथा आत्मनिर्भरताका लागि यूवा सम्बन्धी विशेषा नीति तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.४३. एकल महिला वैदेशिक रोजगारीबाट फर्किएका आर्थिक रुपमा कमजोर आदि महिला लक्षित रोजगार कार्यक्रम अन्तरगत गाउँपालिकाले हाल सम्म सम्पन्न गरेका सीपमूलक तालिमहरुको प्रभावकारीताको अध्ययन तथा विश्लेषण गरी सोको आधारमा फरक तथा सामाजिक लैङ्गिक भूमिका रुपान्तरण गर्न सहयोग गर्ने योजना निर्माण गरी कार्यान्वयन गर्ने । साथै माग अनुसार साना झोला निर्माण, ढाका कपडा बुनाई, सिलाई कटाई, उनी स्वेटर टोपी बुनाई, स्क्रिन प्रिन्टिङ्ग, व्यूटि पार्लर तालिम, सेनेटरी प्याड बनाउने, ड्राईभिङ्ग, प्लम्बिङ्ग, विद्युत, वेयरिङ्ग, निर्माण मिस्त्री जस्ता स्वरोजगारका कार्यक्रम संचालन गरी उत्पादीत सामाग्रीको बजारीकरणमा गाउँपालिकाले आवश्यक प्रबन्ध गर्ने ।

१५.४४. समाजिक तथा आर्थिक रुपमा सीमान्तकृत समूह/समुदाय (दलित, मुश्लिम, अन्य विपन्न र सीमान्तकृत महिलाहरु) का लागि निःशुल्क रुपमा विभिन्न सीपमूलक तालिम संचालन गर्ने साथै तालिम पश्चात सामाग्री खरिदका लागि पूर्ण तथा ५० प्रतिशत रकम अनुदान सहयोग गर्ने ।

***रणनीति ६ सँग सम्बन्धीत***

१५.४५. गाउँपालिका भित्र लैङ्गिक तथा जातीय विभेदको जोखिममा रहेका समुदायहरुको अध्ययन तथा स्थिति विश्लेषण गर्ने ।

१५.४६. महिलाको सेवामूलक काम तथा कार्यबोझ घटाउनका लागि सामाजिक परम्परागत भूमिकामा रुपान्तरण गर्न दीर्घकालिन रुपमा परिणाममूखी कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.४७. बाल विवाह बिरुद्धको राष्ट्रिय रणनीति कार्यान्वयनका लागि सबै सरोकारवालाहरुसँगको सहकार्यमा साझा कार्ययोजना निर्माण गरी बाल विवाह मूक्त गाउँपालिका अभियान संचालन गर्ने ।

१५.४८. पुरुषहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा मानवअधिकार सम्बन्धी क्षमताअभिबृद्धि गरी हानिकारक परम्परागत सामाजिक मूल्य मान्यता र अभ्यास तथा परम्परागत लैङ्गिक भूमिका परिवर्तन गर्न पुरुषहरुको अगुवाईमा सामाजिक अभियान संचालन गर्ने ।

१५.४९. स्थानीय तहको अगुवाईमा सामुदायिक संघसंस्था युवा किशोर,किशोरी, निगरानी समूहहरु गठन तथा सुदृढीकरण गरी लैङ्गिक तथा जातिय विभेद र महिला माथि हुने हिंसा अन्त्यका लागि पालिकामा क्रियाशिल संघसंस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने साथै उदाहरणिय काम गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गर्ने ।

१५.५०. विद्यालयलाई लैङ्गि तथा यौनिक हिंसा मुक्त बनाउन यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारि सहित गुनासो राख्ने र गुनासो सुन्ने वातावरण निर्माण गरी बाल विवाह, लैङ्गिक विभेद र यौनिक हिंसाको जोखिममा रहेका बालिका तथा किशोरीहरुलाई मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।

१५.५१. लैङ्गिक हिंसा प्रभावित महिला तथा किशोरीहरुको न्यायमा पहुँच बृद्धिका लागि सुरक्षावास सहित आवश्यक सहयोग (उद्धार, मनोविमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, पुनर्स्थापना सेवा आदि) का लागि लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधी निर्माण गरी लागू गर्ने ।

१५.५२. हिंसा, तनाव, महामारी तथा विभिन्न रोगहरुको प्रभावका कारण बढ्दो मानसिक स्वास्थ्य समस्याको अवस्थालाई सम्बोधन गर्न स्वास्थ्य संस्थामा मनोविमर्शकर्ताको व्यवस्था साथै समुदायस्तरमा मनोसामाजिक स्वास्थ्य परामर्श कार्यक्रम संचालन गर्ने ।

१५.५३. जातिय छुवाछुत मुक्त गाउपालिका घोषणा कार्यक्रमको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक सूचक निर्माण गरी सर्वपक्षिय र सर्वदलिय बृहद सचेतना मूलक कार्यक्रम सहित कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.५४. समुदाय तथा परिवारमा हुने घरेलु हिंसा, लैङ्गिक हिंसा, छोरा र छोरी बिचमा गरिने विभेद जस्ता हानिकारक सोच तथा व्यवहारलाई निरुत्साहित गर्न परिवर्तन घरैबाट अभियान प्रभावकारी रुपमा संचालन गर्ने

१५.५५. महिला (गृहणी महिला, एकल महिला, किशोरी, अपाङ्गता भएका महिला, हिंसा प्रभावित महिला,यौनिक तथा लैङ्गिक अल्पसंख्यक) को सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्य अधकारलाई थप सुनिश्चत गर्न एकिकृत स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।

१५.५६. स्थानीयतहका जनप्रतिनिधि, न्यायिक समिती, मेलमिलाप समितिलाई न्यायिक क्षेत्राधिकार, कानून तथा सामाजिक न्याय सहित स्थानीय सरकारको ऐन कानूनको वारेमा विषयगत क्षमता अभिबृद्धि गरी हिंसा प्रभावितको न्यायमा सहज पहुँचका लागि वातावरण निर्माण गर्ने ।

१५.५७. महिला, बालिका तथा किशोरी प्रति गरिने घरेलु हिंसा लगाएत सामाजिक रुपमा राखिने गलत सोच तथा व्यवहार परिवर्तन गर्न विभिन्न विषयहरुमा पारिवारीक सवाद, अन्तरपुस्ता संवाद, दम्पती अभिमुखिकरण,

शिक्षक विद्यार्थी परिसम्वाद, धार्मिक गुरु तथा धामीझाँक्रीहरुसँग अन्तरकृया, सचेतना मूलक सडक नाटक लगाएतका कार्यक्रमहरु संचालन गर्ने ।

### *रणनीति ७ सँग सम्बन्धीत*

१५.५८. लैङ्गिक समानता र सामाजिक समावेशीकरणाका सवालालाई मानवअधिकार र सामाजिक न्याय सहित दिगो विकासको पूर्वाधारको रुपमा लिई कार्य गर्ने ।

१५.५९. गाउँपालिकाका सबै जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय, अन्तराष्ट्रिय जवाफदेहिता संयन्त्र बारेमा क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

१५.६०. लैङ्गिक उत्तरदायी बजेट अवधारणागत स्पष्टताका लागि जनप्रतिनिधि, कर्मचारी लगाएत अन्य सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

१५.६१. संविधान ऐन कानून लगाएत अन्तराष्ट्रिय महासन्धीहरु र नयाँ कानूनी प्रावधानहरुको बारेमा धारणागत स्पष्टताका लागि कार्यक्रम संचालन गर्ने ।

१५.६२. दिगो विकास लक्ष्य प्राप्तिका लागि संघीय तथा प्रदेश सरकार लगाएतले निर्माण गरेका योजना अनुसार स्थानीय तहले योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.६३. राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोगले निर्माण गरेको आवधिक योजनालाई सहयोग पुग्ने गरी साथै पालिकाको दीर्घकालीन विकासलाई टेवा पुग्ने गरी पालिकाको वस्तुगत विवरण सहित आवधिक योजना निर्माण गर्ने ।

१५.६४. समुदायमा सञ्चालन हुने विकास निर्माणका उपभोक्ता समिति, लाभान्वित समूहहरुलाई टोल विकास संस्था तथा वडा तथा पालिका स्तरका संजालका सदस्यहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको बारेमा धारणागत स्पष्टताका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१५.६५. गाउँपालिका भित्र श्रम डेस्कको स्थापना गरी श्रमिकहरुको सुचिकृत गर्नुका साथै श्रम ऐन कार्यान्वयनका लागि आवश्यक सूचक निर्माण गरी कार्यान्वयन गर्ने ।

### *रणनीति ८ सँग सम्बन्धीत :*

१५.७१. विपद तथा महामारीको समयमा उच्च जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित जेष्ठ नागरिकहरुको विशेष संरक्षण तथा सम्बोधनका लागि पालिका स्तरिय संरक्षण समिती तथा विपद व्यवस्थापन समितिहरुमा पालिकाका महिला समुह संजाल तथा अगुवा महिलाहरुलाई सहभागिता गराउने साथै प्रभावितहरुका लागि तत्काल  सहयोग तथा सम्बोधन गरी व्यवस्थापन गर्न छुट्टै कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.७२. विपद तथा प्रकोपको बढी जोखिम क्षेत्रको सामाजिक नक्साङ्कन तथा जोखिमको अवस्थाको मापन गरी आकस्मिक बजेट सहित आवश्यक सहयोगको पूर्व तयारीका रुपमा खण्डीकृत तथ्याङ्क र सम्प्रेषण ढाँचाका साथ सबैको सहकार्यमा तत्काल सहयोग गर्ने योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.७३. विपदको जस्तोसुकै अवस्थामा पनि हिंसा प्रभावित महिला तथा कशोरीहरुले आफुमाथि भएको हिंसालाई सहज रुपमा उजुरी गर्ने र न्याय पाउने वातावरण तयार गर्ने । यस समयमा हटलाईन तथा हेल्पलाइन नम्बरहरुको व्यवस्था गर्ने ।

१५.७४. विपद प्रभावितको राहत प्याकेजमा महिला, किशोरी, गर्भवती महिला, सुत्केरी महिला, अपाङ्गगता भएका महिला, बृद्धा, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको फरक आवश्यकतालाई सम्बोधन हुने सामाग्रीहरु जस्तै सरसफाइ सामाग्री, महिनावारी प्याड, सर्वोत्तम पिठो, न्यानो कपडा आदी लगाएतका सामाग्रीहरु सहितको राहत प्याकेज निर्माण गरी सहयोग गर्ने ।

१५.७५. विपद तथा माहामारीको समयमा यौन तथा प्रजनन् स्वास्थ्य समस्याका वारेमा महिला तथा कशोरीहरुले खुलेर आफ्ना कुरा भन्न सक्ने तथा सम्बोधन गर्ने स्वास्थ्य संयन्त्रको सेवा प्रवाह हुने वातावरण निर्माण गर्ने ।

१५. ७६. विपद तथा जोखिमको अवस्थामा समुदायमा पर्ने मनोसामाजिक सवालको सम्बोधनका लागि मनोसामाजिक परामर्श/ मनोविमर्श सेवालाई अनिवार्य रुपमा प्रदान गर्ने व्यवस्था गर्ने ।

१५. ७७. विपद र प्रकोप नियन्त्रणका लागि सबै घरधुरीमा विपद पूर्व सजकता सुचना (SMS) प्रवाह हुने व्यवस्था गर्ने ।

## *१६. नीति कार्यान्वयनको जिम्वेवारी तथा दायित्वः*

यस लैङ्गिक समानता तथ सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि देहाय बमोजिमको व्यवस्था गरिनेछः

* लैङ्गिक समानता नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन तहमा लैजान आवश्यक्ता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व पालिका स्तरीय समितिका प्रमुख लगाएत सदस्यहरुको रहनेछ ।
* नीतिले परिकल्पना गरे अनुसार आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका निर्माण गरी कार्यान्वयन गर्नेछ ।
* यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै जनप्रतिनिधिहरु, वडा, टोल स्तरीय समितिका सदस्यहरु लगाएत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहनेछ । साथै विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन पालिकास्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ ।
* स्थानीय सरकारले नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिबृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि

संयोजन गर्ने बजेटको व्यवस्था गर्ने अनुगमन गर्ने कर्यको गाउँपालिका स्तरीय समिति जिम्मेवार रहनेछ ।

* नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार विस्तृत रुपमा कार्ययोजना निर्माण गरी लागू गरिनेछ

## १७. आर्थिक व्यवस्था :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि लाग्ने स्रोत साधन व्यवस्था गर्नु स्थानीय तहको प्रमुख दायित्व हुनेछ । यसका लागि स्थानीय तहको मातहतका निकायले आ-आफ्नो योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जोड दिन आवश्यक हुनेछ । लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीयकरण गरी यसका लागि हाल संचालन भैरहेको बजेट नीति तथा कार्यक्रमहरलाई कसरी लैङ्गिक मैत्री समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि मापदण्ड, निर्देशिका निर्माण दक्ष जनशक्तिको आपूर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे गाउँपालिकाको विषयगत समितिहरुबाट छलफल गरी लैङ्गिक उत्तरदायि बजेटको अवधारणा अनुरुप कार्ययोजना निर्माण गर्नेछ । साथै संघ तथा प्रदेशले लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजन गरेका बजेटहरुको अध्ययन गरी सम्बन्धीत निकायमा प्रस्तावना पेश गरी आवश्यक बजेट ल्याउन सक्छ साथै सरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायहरुसँग पनि समन्वय गरी थप बजेट ल्याउन सकिन्छ ।

## १८. कानूनी व्यवस्था :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई गाउँसभा तथा कार्यपालिकाको बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याउनेछ । यो नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान कानून नियमावली तथा कार्यविधि र कार्ययोजनाको व्यवस्था गर्न जरुरी हुन्छ । अतः गाउँपालिकाले एक वर्ष भित्रमा कानून, नियमावली र कार्यविधिको तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लानेछ ।

## १९. नीति कार्यान्वयन तथा अनुगमन :

नीतिको प्रभावकारी कार्यान्वयनका लागि समन्वय सहजीकरण र अनुगमन गर्न आवश्यक हुन्छ । यस नीतिको कार्यान्वयनको अवस्था अध्ययन तथा समीक्षाका साथै नियमित अनुगमन गर्ने व्यवस्थाका लागि गाउँपालिका स्तरीय र वडा स्तरीय एउटा समिति गठन गरी कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व निर्वाह गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले आवश्यकता र प्राथमिकताको आधारमा पदाधिकारीहरुको चयन गर्नेछ । समितिले प्रस्तुत नीतिको कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए नभएको र यसबाट परेको प्रभावबारे आवधिक रुपमा मूल्याङ्कन गर्ने कार्य गाउँपालिकाको सामाजिक विकास समितिको समन्वयमा गर्नेछ । जसमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

**गाउँपालिका स्तरीय समितिः**

- गाउँपालिका अध्यक्षः संयोजक

- गाउँपालिकाको उपाध्यक्षः सदस्य

- कार्यपालिकाका सदस्यहरुः सदस्य (१ जना महिला सहित २ जना)

- प्रमुख प्रशासकीय अधिकृतः सदस्य

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने विषय विज्ञ तथा संघ संस्थाका प्रतिनिधि (गाउँकार्यपालिका वा अध्यक्षले मनोनयन गरेका २ जना १ जना महिला सहित)

- गाउँपालिकाको सम्बन्धीत विषयगत शाखाको प्रमुख, सदस्य सचिब

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।

**वडास्तरीय समितिः**

- वडाको वडा अध्यक्षः संयोजक

- वडाको वडा सदस्यहरुः सदस्य

- सम्बन्धीत वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट मनोनित गरेका बढीमा २ जना सदस्यहरु (१ जना महिला) : सदस्य

- वडाको वडा सचिवः सदस्य सचिव

२०. गाउँपालिका स्तरीय समिति/वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार

**गाउँपालिका स्तरीय समितिको काम कर्तव्य र अधिकारः**

१) गाउँपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएका समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने ।

२) लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा गाउँसभा समक्ष सिफारिस गर्ने ।

३) संघ तथा प्रदेश सरकारबाट भएका रणनीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४) लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँसभा समक्ष सिफारिस गर्ने ।

५) यस रणनीतिसँग सम्बन्धीत कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा ,अनुगमन तथा मूल्याङ्कन गर्ने ।

६) गाउँपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

७) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सँग सम्बन्धीत अन्तराष्ट्रिय सन्धी सम्झौताहरुको समन्वय, सहकार्य , सहजीकरण र कार्यान्वयन गर्ने गराउने ।

८) गाउँपालिका क्षेत्र भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धी काम गर्ने संघ संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**वडा समितिको काम कर्तव्य र अधिकारः**

१) वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक ,अपाङ्गता, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२) वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने ।

३) वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएका समुदायको हक हितको सरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि कार्यक्रम बनाई गाउँपालिकामा पेश गर्ने ।

४) यस नीतिसँग सम्बन्धीत कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन सहजीकरण गर्ने ।

२१. जोखिम तथा जोखिम न्यूनीकरणका लागि गाउँपालिकाले ध्यान दिनुपर्ने कुराहरुः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रकृति र स्वरुप विस्तृत हुनुका साथै बहुपक्षीय सरोकारको विषय भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोध आउन सक्छः

**संभावित जोखिम ,जोखिम न्यूनीकरणका उपायहरु :**

१. यो नीति सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुमा साझा बुझाइमा एकरुपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाइमा एकरुपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

२. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा यस नीतिले महिला तथा बालबालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।महिला तथा सीमान्तकृत समुदायका जनप्रतिनिधिहरु यो नीति कार्यान्वयन गर्नको लागि पूर्ण प्रतिबद्ध भई कार्य गर्ने ।

३. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरुमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिता नहुँदा यस नीतिको कार्यान्वयन तथा अनुगमन सही ढङ्गबाट नहुन सक्छ । पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक सूचक निर्माण गरी कार्यान्वयनका लागि प्रोत्साहन गर्ने र सम्बन्धीत कार्यहरुको नियमित समीक्षा गर्ने ।

४. यो नीति लागू गर्ने सम्बन्धमा राजनीतिक इच्छाशक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना रहन्छ । स्थानीय तहमा कार्यरत कर्मचारीहरुले यस नीति कार्यान्वयनका लागि प्रतिबद्ध भई सहयोग गर्ने ।

५.यस नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तिय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ ।संघ, प्रदेश र स्थानीय तहबाट जारी भएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरु सम्बन्धमा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने ।

६. समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ । बहुपक्षीय सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यलाई नियमित गर्ने ।

## २२. नीतिका अपेक्षित उपलब्धिहरु:

यस नीतिलाई गाउँपालिकाले आफ्ना कार्यक्रमहरु मार्फत कार्यान्वयन गरेमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा निम्न उपलब्धीहरु हासिल गर्न सक्नेछ :

- ✓ समाजमा रहेको परम्परागत हानिकारक सोच तथा अभ्यासहरुको अन्त्य भई समानता र समावेशी समाज निर्माणा सहयोग पुग्नेछ ।
- ✓ पालिकाको वार्षिक कार्यक्रमहरुमा महिला तथा सीमान्तकृत समुदायको आवश्यकतालाई सम्बोधन गर्ने योजनाहरुले प्राथमिकता पाउनेछन् । यस्ता योजनाहरुमा यो समुदायको अपनत्व महशुस गर्नेछ ।
- ✓ पालिकाको सामाजिक विकासको गतिले निर्दिष्ट रुपमा निरन्तरता पाई महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरण तथा दिगो विकास गरी परिणाममूखि योजना निर्माण तथा कार्यान्वयन हुनेछ
- ✓ पालिकाले स्थानीय स्रोत साधानको अधिकतम प्रयोग गरी महिला तथा सीमान्तकृत समुदायको अगुवाईमा दिगो विकास गर्न स्थानीय स्तरमा नै सम्भावनाहरुको पहिचान गर्न सक्नेछ ।
- ✓ स्थानीय निकाय स्वमूल्याङ्कनमा पालिकाका सामाजिक गतिबिधिहरुलाई व्यवस्थित र नियमन गरी पालिकाको स्तरीकरणमा सहयोग पुग्नेछ ।

## २३. नीतिको पुनरावलोकन तथा सुधार :

यस नीतिको कार्यान्वयनको प्रभावकारीता उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी पाँच/पाँच वर्षमा नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिनेछ । पुनरावलोकन तथा समीक्षाबाट प्राप्त सुझावहरुलाई गाउँकार्यपालिकामा पठाई कार्यपालिकाबाट पारित गरी गाउँसभा मार्फत नीतिको पुनरावलोकन सहित कार्यान्वयन गरिनेछ ।

## २४. खारेजी तथा बचाउ :

यस नीतिमा उल्लेखित कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म सम्बन्धीत कानून बमोजिम नै हुनेछ ।

## २५. अनुसूचीहरुः

## अनुसूची १

***अध्ययन सामाग्रीहरुः***

- नेपालको संविधान, २०७२
- पन्ध्रऔं योजनाको आधारपत्र, २०७६ / ७७/-२०८० /८१
- दिगो विकास लक्ष्य
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय स्वास्थ्य नीति, २०७६
- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन
- महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, "राष्ट्रिय लैङ्गिक समानता नीति २०७७"
- लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५
- मानवअधिकारर सम्बन्धी विभिन्न दस्तावेजहरु
- बहुआयामिक गरीबी सूचकांक (MPI– report2018)
- सामाजिक विकास मन्त्रालयको वेभसाइट, लुम्बिनी प्रदेश
- बाल विवाह बिरुद्धको राष्ट्रिय रणनीति, २०७२
- मानसिक स्वास्थ्य नीति, २०७७
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७
- वेभसाइट र अनलाईनमा उपलब्ध विषयवस्तु सँग मिल्ने लेखहरु
- सरावल गाउँपालिकाको वेभसाइट
- सरावल गाउँपालिको वार्षिक नीति तथा कार्यक्रम, २०७९ /८०
- स्थानीय तहको सामाजिक सुरक्षा सम्बन्धी अभिलेख
- ईलाका प्रहरी कार्यालयको तथ्याङ्क

*अनुची २. सिद्धान्तहरु :*

(क) अविभेद (Non–discrimination) : यो नीति कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरि/क वा अपाङ्गता भएका व्यक्तिहरु, जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरीने छैन .

(ख) सारभुत समानता (Substantive equality) : यो नीतिले लैङ्गिकताका सवालमा सारभुत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ .

(ग) कोहि पछाडि नछुटुन् (No one leave behind) : यस नीतिले दिगो बिकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणालाई अपनाएको छ .

(घ) कसैलाइ हानि नपुऱ्याउने (Do no harm) : यस नीतिले कसैलाई पनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ .

(ङ) शुन्य सहनशीलता (Zero tolerance) : यो नीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा लैङ्गिक हिंसाका घटनाहरूमा शुन्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ .

(च) सकारात्मक सोच (Appreciative inquiry) : यो नीति सकारात्मक सोच तथा परिवर्तन संभव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ .

(छ) अर्थपुर्ण सहभागिता (Meaningful participation) : यो नीतिले सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपुर्ण सहभागितालाई महत्व दिइएको छ .

(ज) प्रभावितको संरक्षण (Protection of the survivors) : यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरूको संरक्षण र सुरक्षाको प्रत्याभुति दिलाउनु पर्ने र आत्मसम्मानपुर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ .

(झ) गोपनीयताको अधिकार (Rights to Privacy) : यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ .

(ञ) न्यायमा पहुँच तथा द्रुत न्याय (Fast track court) : यो नीति उत्पिडनमा परेका वर्ग तथा समुदायको न्यायमा केन्द्रित रहेको छ र लैङ्गिक हिंसा प्रभावितहरूका लागि द्रुत न्यायको सिद्धान्तलाई अङ्गिकार गरेको छ .

(ट) साझेदारिता र सहकार्य (Partnership and collaboration) : यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएको छ .

(ठ) लोकतान्त्रिक पद्धति (Democratic system) : लोकतान्त्रिक पद्धतिलाई गाँउपालिकाको हरेक प्रक्रियामा आत्मसात गरि रुपान्तरणमुखि सोचबाट नेतृत्व शैलीमा परिवर्तन गर्नेछ

(ड) आत्मनिर्भरता (Self reliance) : यो नीतिले महिला तथा पछाडि पारिएको हरेक समुदायको जीवनमा आत्मनिर्भरतालाई मुलमन्त्रको रुपमा लिनेछ .

***अनुसूची ३***

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण कार्यसमूहको नामावली:**

| क. सं. नाम | जिम्मेवारी | पद |
|---|---|---|
| १. श्री बासमती हरिजन | उपप्रमुख | संयोजक |
| २. श्री लक्ष्मण चौधरी | वार्ड अध्यक्ष वार्ड नं ५ | सदस्य |
| ३. श्री सुरेश यादव | वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ४. श्री कलावती पन्त | एकल महिला | सदस्य |
| ५. श्री जमुना चौधरी | सामाजिक विकास शाखा | सदस्य |
| ६. श्री रिना कुर्मी | प्रविधि शाखा | सदस्य |
| ७. श्री खेमनारायण खनाल | महिला तथा बालबालिका शाखा | सदस्य सचिव |
| ८. श्री समसुदिन धुनिया | रेडक्रस | सदस्य |
| ९. श्री सुमन पन्त | स्वास्थ्य शाखा | सदस्य |
| १०.श्री राजकुमार शर्मा | कार्यपालिका सदस्य | सदस्य |
| ११. श्री अशोक कुमार पाण्डे | वडा सचिव | सदस्य |
| १२. श्री भिमकला भट्टराई | महिला संजाल | सदस्य |
| १३. श्री साइदानिसा पढान | किशोरी अभियान्ता | सदस्य |